नेपाल सरकार

**मा. डा. मदन प्रसाद परियार**
**मन्त्री**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**
**इमेल:** madan.pariyar1968@gmail.com

## शुभकामना

संयुक्त राष्ट्र संघको ६८ औं महासभाको निर्णयानुसार सन् २०१३ डिसेम्बर ५ देखि विश्व माटो दिवस मनाउन सुरुवात भएसँगै नेपालमा वि.सं. २०७२ देखि विश्व माटो दिवस मनाईंदै आएको छ। माटो सम्बन्धी समस्या सम्बोधनका लागि विश्वभर आम जनमानसमा जानकारी प्रदान गरी माटो स्वास्थ्य सम्वर्द्धनको प्रहलकदमी अभिप्रेरित गर्न प्रत्येक वर्ष विशेष नारा तय गरी विश्व माटो दिवस मनाईने गरिएको छ। यसै सन्दर्भमा आज मंसिर १९ अर्थात ५ डिसेम्बर २०२५ का दिन विश्वव्यापी नारा **"Healthy Soils for Healthy Cities"** को नेपाली नारा **स्वस्थ माटो, स्वस्थ गाउँशहर** का साथ विविध क्रियाकलाप समेटेर हामी **१२ औं विश्व माटो दिवस** मनाउँदै छौं । यस दिवसका अवसरमा म सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

माटो कृषि उत्पादनको प्रमुख माध्यम हो। साथै, पृथ्वीलाई जीवन्त राखी सम्पूर्ण पारिस्थितिक प्रणाली सन्तुलनमा राख्न माटोको महत्वपूर्ण भूमिका रहेको छ। तथापी, सघन खेतिसँगै बढ्दो रासायनिक मल तथा विषादीको प्रयोगका कारण माटोको भौतिक, रासायनिक र जैविक गुणमा नकारात्मक असर परेको छ। यससँगै अव्यवस्थित शहरीकरण, पूर्वाधार निर्माण एवं औद्योगिकीकरणका कारण माटोमा पानी सोस्ने क्षमतामा ह्रास आएको तथा प्रदुषण वृद्धि भएको छ। यसबाट उत्पादन र उत्पादकत्वमा ह्रास आउनुका साथै ग्रामिण तथा शहरी वातावरणीय सन्तुलनमा समेत गम्भिर चुनौती सृजना हुन जान्छ। खेति धेरै हुने गाउँको माटो जस्तै शहरको माटो समेत स्वस्थ हुनु पर्यावरणीय दृष्टिकोणले उत्तिकै महत्वपूर्ण छ।गाउँको माटो उत्पादनको स्रोत हो र शहरको माटो हरियाली कायम राख्ने, तापक्रम कम गर्ने र कार्बन भण्डारण गर्ने साधन हो। समग्र पर्यावरणीय सन्तुलनका लागि गाउँ र शहरको माटो एक आपसमा अन्तरसम्बन्धित रहेका छन्। यसर्थ, माटोलाई उत्पादनको साधनको रुपमा प्रयोगसँगै यसको गुणस्तर सुधार तथा संरक्षण गर्नु पनि उत्तिकै जरुरी भएको छ।

यस वर्षको विश्व माटो दिवसको नारा हाम्रा शहरका माटोको समेत संरक्षण गर्नुमा केन्द्रित रहेको छ।शहरमा रुख बिरुवा हुकर्न सक्ने खुला स्थानको संरक्षण गर्नु, सार्वजनिक एवं सामुदायिक स्थलहरुमा बिरुवा रोपण गर्नु, भवन निर्माण गर्दा वर्षातको पानी सोस्न सक्ने व्यवस्था गर्नु, प्लाष्टिक जन्य फोहोर माटोमा नमिसाउनु तथा घरायसी फोहोर छुट्याएर कम्पोष्टिङ गर्नु जस्ता दैनिक जीवनका क्रियाकलापबाट समेत माटो स्वास्थ्य सुधारमा उल्लेख्य योगदान गर्न सकिन्छ। यस अर्थमा **"स्वस्थ माटो, स्वस्थ गाउँशहर"** नारा सार्थक बनाउन गाउँमा स्वस्थ कृषि उत्पादन प्रणाली अवलम्वनका साथै शहरमा स्वस्थ जीवनशैली अपनाउनु जरुरी रहेको छ।

यसै सन्दर्भमा तीनै तहका सरकारको समन्वयमा माटो स्वास्थ सुधारका लागि घुम्ती माटो शिविर सञ्चालन, विषादीको समुचित प्रयोग-केन्द्रित सचेतनामुलक/अभियानमुखी कृषि विकास कार्यक्रम र माटो व्यवस्थापन र दीगो कृषिमा सम्झौता नगरी कृषि व्यवसायीकरण प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् र आगामी दिनमा यस्ता कार्यक्रमहरुलाइ थप बढावा दिइनु पर्ने आवश्यकता रहेको छ ।

अन्त्यमा, समस्त कृषिकर्मी तथा आम जनसमुदायमा माटोको महत्वबारे चेतना जगाई आफ्नो वरिपरिको माटो व्यवस्थापनका चुनौतीहरूको सम्बोधन गर्न यस वर्षको विश्व माटो दिवसले उत्प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

१९ मंसिर, २०८२
५ डिसेम्वर, २०२५

.............................
डा. मदन प्रसाद परियार
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय